जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रवर्द्धनको गुरु
www.jaleshwortoday.com
# जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि
बर्ष १३ • अंक २९१ • २०८३ श्रावण २५ गते सोमवार • 10 Aug. 2026 • पृष्ठ ४ • मूल्य रु.५/-




# ट्रमा सेन्टर निर्माण गर्ने योजना अन्यत्र सार्न खोजिएको भन्दै स्थानीयवासी र जनप्रतिनिधिद्वारा बिरोध र मशाल जुलुश

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २४ श्रावण**




धनुषाको मिथिला नगरपालिका-९ ढल्केवरमा राष्ट्रियस्तरको क्रिटिकल केयर तथा ट्रमा सेन्टर निर्माण गर्ने योजना अन्यत्र सार्न खोजिएको भन्दै स्थानीयवासी र जनप्रतिनिधिले बिरोध र मशाल जुलुश निकालेका छन्।

ढल्केवर ट्रमा सेन्टर संरक्षण संघर्ष समिति गठन गरी स्थानीयले केही दिनयता निरन्तर शान्तिपूर्ण विरोध प्रदर्शन गरिरहेका छन् । मिथिला नगरपालिकाका प्रमुख महेन्द्र महतोको संयोजकत्वमा गठित संघर्ष समितिले वर्षौंको कानुनी तथा प्रशासनिक प्रक्रियाबाट अघि बढेको आयोजना अचानक अन्यत्र सार्न खोजिएको भन्दै आपत्ति जनाएको हो । स्थानीयका अनुसार ट्रमा सेन्टर निर्माणका लागि जग्गा व्यवस्थापनदेखि मन्त्रिपरिषद्को स्वीकृति र जग्गा उपयोगको प्रमाणपत्र प्राप्त भइसकेको अवस्थामा सरकारले नयाँ स्थानमा ट्रमा सेन्टर स्थापना गर्ने घोषणा गरेपछि उनीहरू आन्दोलनमा उत्रिएका हुन् । विवाद चर्किनुको पछिल्लो कारण स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रतिनिधिसभाको बैठकमा मधेश प्रदेशको ट्रमा सेन्टर सिरहाको लहानमा स्थापना गरिने घोषणा गर्नु हो । मन्त्रीको उक्त अभिव्यक्तिपछि ढल्केवरमा वर्षौंदेखि अघि बढाइएको योजना के हुने भन्ने प्रश्न उठेको छ । यस विषयमा धनुषाबाट प्रतिनिधित्व गर्ने नेपाली कांग्रेसका समानुपातिक सांसद प्रा. डा. चन्द्रमोहन यादवलेसमेत संसद्मै प्रश्न उठाएपछि विवाद थप सतहमा आएको हो । वर्षको प्रक्रियापछि आयोजना अघि बढेको दाबी: स्थानीयका अनुसार ढल्केवरमा ट्रमा सेन्टर स्थापनाको प्रक्रिया आज वा भोलिबाट सुरु भएको होइन । संघीय सरकारले आर्थिक वर्ष २०७७/७८ को बजेटमार्फत राजमार्गमा हुने दुर्घटनालाई लक्षित गर्दै बढी दुर्घटना हुने क्षेत्रमा ट्रमा सेन्टर स्थापना गर्ने नीति अघि सारेपछि ढल्केवरमा यसको प्रक्रिया सुरु भएको हो ।

सोही क्रममा संघीय आयोजना कार्यान्वयन इकाई धनुषाले २०७७ साल मंसिर २३ गते मिथिला नगरपालिकालाई पत्राचार गर्दै ढल्केवरमा ट्रमा सेन्टर निर्माणका लागि उपयुक्त जग्गा उपलब्ध गराउन आग्रह गरेको थियो ।

नगरपालिकाले २०७८ वैशाख २८ गते जग्गा उपलब्ध गराउने प्रतिबद्धता जनाएपछि प्रक्रिया थप अघि बढेको स्थानीय जनप्रतिनिधिको भनाइ छ । सोही वर्षको बजेटमा समेत ढल्केवरका लागि ट्रमा सेन्टर निर्माणको बजेट विनियोजन गर्ने घोषणा भएको उनीहरूको दाबी छ । जग्गा पहिचानका क्रममा २०७८ चैत ५ गते तत्कालीन नगर प्रमुख हरिनारायण महतोको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले ढल्केवरको गैरीटोलमा रहेको कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्येबाट ट्रमा सेन्टरका लागि जग्गा उपलब्ध गराउने सहमति गरेको थियो ।

त्यसपछि वडा कार्यालयले प्रस्तावित स्थान राजमार्गसँग जोडिने ६० फिट चौडा सडकको पहुँचमा रहेको सिफारिस गरेको थियो । नक्सा र डिजाइनदेखि मन्त्रिपरिषद्को स्वीकृतिसम्म: स्थानीयका अनुसार २०७९ सालमा ट्रमा सेन्टरको भौतिक संरचनाको 'टाइप डिजाइन' तथा नक्सा स्वीकृत भइसकेको थियो । त्यसपछि सम्बन्धित निकायबाट स्थलगत निरीक्षण गरी प्रतिवेदनसमेत तयार पारिएको थियो । २०८० जेठ ३ गते नगर प्रमुख महेन्द्र महतोको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकले कित्ता नम्बर १६९ को ऐलानी जग्गामध्ये चार बिघा जग्गा ट्रमा सेन्टरका लागि उपलब्ध गराउने औपचारिक निर्णय गरेको थियो । नगरपालिकाको निर्णयपछि मालपोत तथा नापी कार्यालयसँग सम्बन्धित प्रक्रिया अगाडि बढाइएको थियो । नापी कार्यालयका अमिनहरूले स्थलगत अध्ययन गरी प्रस्तावित ट्रेस नक्सासहितको फिल्ड प्रतिवेदन तयार पारेका थिए । त्यसपछि २०८१ जेठ २८ गते तत्कालीन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कित्ता नम्बर १६९ को नदी उकास जग्गामध्ये चार बिघा तीन धुर जग्गामा ट्रमा सेन्टर निर्माण गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लैजान सहमति दिएको स्थानीयको भनाइ छ । सरकारी जग्गा उपयोगसम्बन्धी कार्यनीति २०७९ को प्रावधानअनुसार जग्गा प्रयोग गर्न सहमति दिइएको पत्रसमेत जारी भएको थियो । त्यसपछि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मालपोत कार्यालय धनुषालाई उक्त जग्गाको श्रेस्ता कायम गर्न सिफारिस गरिएको थियो । २०८२ माघ २० गते मालपोत कार्यालयका प्रतिनिधि तथा स्थानीयको रोहबरमा स्थलगत सर्जमिन मुचुल्कासमेत तयार पारिएको थियो । स्थलगत अध्ययनपछि जग्गा ट्रमा सेन्टर निर्माणका लागि उपयुक्त रहेको प्रतिवेदन सरकारलाई पठाइएको संघर्ष समितिको दाबी छ ।




# नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा अवस्था तथा सीमा व्यवस्थापनबारे अनुगमन



**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २४ श्रावण**

धनुषा जिल्लाभित्र पर्ने नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा अवस्था तथा सीमा व्यवस्थापनबारे जिल्ला सुरक्षा समितिले अनुगमन गरेको छ । जिल्लाका विभिन्न सीमा नाका तथा सीमावर्ती क्षेत्रमा पुगेर सुरक्षा अवस्था, आवतजावत, सीमा स्तम्भको अवस्था र स्थानीयस्तरमा देखिएका समस्याबारे जानकारी लिइएको हो ।

अनुगमनका क्रममा सीमा क्षेत्रमा तैनाथ सुरक्षाकर्मीको अवस्था, नियमित गस्ती, सीमावर्ती क्षेत्रमा हुने अवैध गतिविधि नियन्त्रण तथा नेपाल-भारत सीमाबाट हुने आवतजावतलाई व्यवस्थित बनाउने विषयमा समेत छलफल गरिएको छ ।

धनुषाका प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले सीमा क्षेत्रको सुरक्षा संवेदनशीलतालाई ध्यानमा राख्दै सुरक्षा निकायबीच थप प्रभावकारी समन्वय आवश्यक रहेको बताए । उनले सीमा क्षेत्रमा हुने आपराधिक गतिविधि, चोरी तस्करी तथा गैरकानुनी आवतजावत नियन्त्रण गर्न सुरक्षा निगरानीलाई निरन्तरता दिइने बताउँदै सीमावर्ती नागरिकलाई समेत सुरक्षा निकायसँग सहकार्य गर्न आग्रह गरे । प्रमुख जिल्ला अधिकारी लुइँटेलका अनुसार सीमा सुरक्षा सुरक्षाकर्मीको जिम्मेवारी मात्र नभई सीमावर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको सहयोग र समन्वयबाट अझ प्रभावकारी बनाउन सकिन्छ ।

उनले सीमा क्षेत्रमा देखिएका समस्या पहिचान गरी सम्बन्धित निकायसँग समन्वय गरेर समाधानको पहल गरिने पनि बताए । जिल्ला सुरक्षा समितिको अनुगमनले सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीलाई आवश्यक निर्देशन दिनुका साथै सीमा सुरक्षा र व्यवस्थापनलाई थप व्यवस्थित बनाउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

साथै, आगामी दिनमा पनि सीमा क्षेत्रमा नियमित अनुगमन तथा सुरक्षा निगरानीलाई निरन्तरता दिने प्रशासनले जनाएको छ ।

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय..................

# शिवभक्तजनलाई सुस्वागतम्

श्रावण महिनालाई भगवान शिवको विशेष पुजाआजाको महिना हाम्रो हिन्दु शास्त्र अनुसार रहेको छ । विशेष गरी यस महिनामा बाबा भोलालाई कुनै पनि दिन जल अर्पण गरी पुजाआजा गर्ने भनिए पनि सोमबार लाई विशेष महत्वको रुपमा शिवभक्तजनले मानि यस दिन बाबा शिवको शिवालयहरुमा पँक्तिबद्ध भई बाबालाई पवित्र नदि वा तलाऊको जल अर्पण गरी विशेष पुजाआजा गर्ने गरिन्छ । महोत्तरी जिल्लाका प्रमुख शिवालयहरुमा बाबा जलेश्वरनाथ,मंगलनाथ,पिपरेश्वरनाथ,शुकदेश्वरनाथ,टुटेश्वर नाथ आदि पर्दछन् भने धनुषा जिल्लाका शिवालयहरुमा बाबा कपिलेश्वरनाथ,क्षिरेश्वरनाथ,कुपेश्वरनाथ,भुतनाथ आदि पर्दछन् । यसैगरी मधेस प्रदेशका ८ वटै जिल्ला सहित लंगुरखोला,हलेसी महादेव,पशुपतिनाथ स्थापित ठाउँका शिवालयहरु सहित स्थानीय शिवालयहरुमा समेत श्रावण महिना भरी विशेष पुजाआजा गर्ने गरीन्छ । त्रिलोकीनाथ शिव र माता पार्वतिको सँगै पुजाआजा गरी शिवभक्तजनहरु विशेष आशिर्वाद प्राप्त गर्न शिवालयहरुमा पुग्ने गर्दछन् । भारतको बिहार राज्यको बैद्यनाथधाम(बाबाधाम) समेत नेपाली शिवभक्तजनहरुको बाक्लो उपस्थिति यस महिनामा देख्ने गरिन्छ । शिवभक्तजनहरुलाई विशेष स्वागत तथा आतिथ्य सत्कारका लागि शिवालयहरुलाई रंगीचंगी बनाइनुका साथै विशेष व्यवस्थापन गरि एका हुन्छन् । ओम नम : शिवाय : ।

# ग्यास व्यवसायीमाथि प्रशासनद्वारा कडा निगरानी

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २४ श्रावण**

महोत्तरीमा ग्यासको कृत्रिम अभाव सिर्जना गरी लुकाएर बिक्री गर्ने तथा पहुँचका आधारमा वितरण गर्ने व्यवसायीमाथि प्रशासनले कडा निगरानी र कारबाही गर्ने चेतावनी दिएको छ ।

जिल्ला प्रशासन कार्यालय महोत्तरीले आइतबार सूचना जारी गर्दै जिल्लाभित्र विभिन्न ब्रान्डका ग्यास सिलिन्डर बिक्री-वितरण गर्ने डिपो, पसल तथा व्यवसायीले कानूनविपरीतका गतिविधि गरिरहेको गुनासो प्राप्त भएको जनाएको छ । प्रशासनका अनुसार उद्योग तथा डिलरबाट ग्यास ल्याएर लुकाइछिपाई आफू निकटका व्यक्ति, होटल,



व्यवसायी तथा ग्राहकलाई मात्र बिक्री गर्ने, नियमित ग्राहकको माग बेवास्ता गर्ने, बिक्री बिल नदिने तथा बिल-बिजक नराख्ने जस्ता गतिविधिबारे गुनासो आएको छ । त्यसैगरी, ग्यासको कृत्रिम अभाव सिर्जना गर्ने उद्देश्यले सिलिन्डर भण्डारण गरी लुकाएर राख्ने तथा दर्ता र अनुमति नभएका विक्रेतालाई समेत डिस्ट्रीब्युटरले ग्यास उपलब्ध गराउने गरेको गुनासो प्रशासनमा पुगेको जनाएको छ । यस्ता गतिविधि नियन्त्रण गर्न जिल्ला प्रशासन कार्यालयसहित अधिकारप्राप्त अन्य निकायले ग्यास डिपो, पसल, फर्म तथा कम्पनीको नियमित अनुगमन गरिरहेको प्रशासनले जनाएको छ । ग्यासको बिक्री वितरणमा हुने अनियमितता नियन्त्रण गर्न प्रशासनले सूक्ष्म निगरानीसमेत बढाएको छ। त्यसका लागि सादा पोशाकमा सुरक्षाकर्मी परिचालन गरी बजारको अवस्था र ग्यास वितरण प्रणालीबारे जानकारी संकलन तथा प्रतिवेदन तयार गर्ने व्यवस्था गरिएको प्रशासनले जनाएको छ । प्रशासनले ग्यास बिक्री गर्दा पहुँच र चिनजानका आधारमा प्राथमिकता दिने, सर्वसाधारण उपभोक्तालाई ग्यास नदिने, सिलिन्डर लुकाएर राख्ने वा कृत्रिम अभाव सिर्जना गर्ने कार्य कानूनविपरीत हुने स्पष्ट पारेको छ ।

# प्रहरीद्वारा ठूलो परिमाणमा लागुऔषध गाँजासहित एक महिला पक्राउ

**जलेश्वरटुडे समाचारदाता**
**सप्तरी, २४ श्रावण**

सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-८ जोगिनियाबाट प्रहरीले ठूलो परिमाणमा लागुऔषध गाँजासहित एक महिलालाई पक्राउ गरेको छ ।

प्रहरीले कोशी बाँधको पलार क्षेत्रमा रहेको सरकारी खाली जग्गामा लगाइएको सनपाट खेतबाट ३ सय २ किलो ४ सय ८० ग्राम गाँजा बरामद गरेको हो । जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार जोगिनियास्थित कोशी बाँधको पलारमा रहेको सनपाट खेतमा लुकाएर राखिएको गाँजाबारे सूचना पाएपछि प्रहरीले खानतलासी गरेको थियो । खानतलासीका क्रममा खेतबाट १२ बोरा गाँजा फेला परेको प्रहरीले जनाएको छ ।

उक्त खेत भारतको बिहार निवासी नन्दकिशोर मुखियाले लगाएको सनपाट खेती रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएको छ। बरामद गाँजा भने हनुमाननगर कंकालिनी नगरपालिका-७ मुखिया टोलकी ५३ वर्षीया माधुरी मुखियाको रहेको खुलेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक तथा प्रवक्ता



हेमराज धिमिरेका अनुसार बरामद गाँजाको तौल गर्दा कुल ३ सय २ किलो ४ सय ८० ग्राम रहेको छ। पक्राउ परेकी माधुरी मुखियालाई नियन्त्रणमा लिएर लागुऔषध गाँजाको कारोबार तथा ओसारपसारसँग सम्बन्धित विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। प्रहरीले पछिल्लो समय सीमावर्ती क्षेत्रमा लागुऔषधको अवैध कारोबार तथा ओसारपसार नियन्त्रणका लागि निगरानी बढाएको जनाएको छ। घटनामा अन्य व्यक्तिको संलग्नता भए-नभएको विषयमा समेत अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ ।




अनुरोधकर्ता
लक्ष्मीनियां गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: खानपानमा समस्या आउने
वृष: अनावश्यक चिन्ता
मिथुन: लामो यात्राको योग छ
कर्कट: पिछडेको साथी मिल्न
सिंह: मनमा पछुतो आउने
कन्या: अनावश्यक खर्चको संभावना
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: आम्दानी हुने
धनु: विचार गरेर बोल्नुहोला
मकर: अशुभ समाचार प्राप्त हुने
कुम्भ: मित्रतामा फाटो आउने
मीन: पढाईमा ध्यान दिनुपर्ने

## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलवार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# दबाबमा जापानको आणविक विरोधी नीति, पुनर्विचारको सङ्केतपछि चिन्ता



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ श्रावण**

जापानले सन् १९४५ को हिरोसिमा र नागासाकी आणविक बम आक्रमणको वार्षिकोत्सव मनाइरहेका बेला देशको लामो समयदेखिको शान्तिवादी नीतिमाथि चुनौती देखिएको छ। चीनसहित पूर्वी एसियाली मुलुकहरूको बढ्दो सैन्य क्षमता र प्रमुख सुरक्षा साझेदार अमेरिकाको विश्वसनीयतामाथि उठिरहेका प्रश्नहरूका कारण जापानको आणविक विरोधी नीति दबाबमा परेको हो ।

जापानको संविधानले युद्ध र सैन्य शक्तिको प्रयोगलाई त्यागेको छ भने देशले दशकौंदेखि आणविक हतियार नराख्ने, उत्पादन नगर्ने र आफ्नो भूमिमा भित्रिन नदिने तीनवटा 'गैर-आणविक सिद्धान्त' पालना गर्दै आएको छ ।

तर प्रधानमन्त्री सानाए ताकाइचीले यस सिद्धान्तप्रति सरकारको भावी अडान स्पष्ट पार्न अस्वीकार गरिन् भने रक्षामन्त्री शिन्जिरो कोइजुमीले पनि यस विषयमा कुनै बन्देजबिना छलफल हुनुपर्ने बताए । यसअघि गत डिसेम्बरमा सरकारका एक वरिष्ठ अधिकारीले जापानले आणविक हतियार राख्नुपर्ने सङ्केत गरेपछि देशमा व्यापक आलोचना भएको थियो ।

हिरोसिमा आक्रमणबाट बाँचेका ८२ वर्षीय अभियानकर्मी सातोशी तानाकाले जापानको आणविकविरोधी प्रतिबद्धता परिवर्तन हुन सक्ने आशङ्का व्यक्त गर्दै सैन्य क्षमतामा मात्र ध्यान नदिएर कूटनीतिमार्फत शान्ति निर्माणमा जोड दिन आग्रह गरे। बिहीबार हिरोसिमा आक्रमणको ८१औँ वार्षिकोत्सव मनाएको जापानले आइतबार नागासाकी आक्रमणको स्मरण गर्दै कार्यक्रम आयोजना गर्यो। सन् १९४५ को अगस्तमा भएको उक्त आक्रमणमा विकिरणको प्रभावसहित दुई लाख १० हजारभन्दा बढी मानिसको ज्यान गएको थियो । मार्चसम्मको तथ्याङ्क अनुसार हिरोसिमा र नागासाकी आक्रमणबाट बाँचेकाहरूको सङ्ख्या ९१ हजारभन्दा बढी रहेको र उनीहरूको औसत उमेर ८६ दशमलव सात वर्ष पुगेको छ ।

चीनको बढ्दो सैन्य क्षमतालाई मध्यनजर गर्दै ताकाइची सरकारले राष्ट्रिय रक्षा रणनीतिमा व्यापक परिवर्तन गर्दै रक्षा बजेट वृद्धि गरेको छ, हतियार निर्यातसम्बन्धी प्रतिबन्ध खुकुलो पारेको छ र संविधान संशोधनको प्रयाससमेत अघि बढाएको छ। जापानका यी कदमप्रति चीनले आपत्ति जनाउँदै टोक्यो 'नयाँ सैन्यवाद'तर्फ अघि बढेको आरोप लगाएको छ ।

# सानै उमेरमा सांगीतिक पहिचान बनाउँदै सुवासना, 'भ्वाइस किड्स'को फाइनल यात्रामा

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, २४ श्रावण**

बालबालिकाको गायन रियालिटी शो 'द भ्वाइस किड्स नेपाल' सिजन ५ उत्तरार्धतिर पुग्दैछ । फाइनलमा प्रत्येक कोचको टिमबाट पुग्ने 'ट्यालेन्ट' पनि तय भइसकेका छन् । त्यसमध्येकी एक हुन् भक्तपुरकी सुवासना खड्का केसी ।



विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा ७ मा अध्ययनरत् सुवासना ११ वर्षको कलिलो उमेरमै नेपाली सांगीतिक क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउने प्रयासमा छिन् । 'भ्वाइस किड्स नेपाल सिजन ५' मा उत्कृष्ट प्रस्तुति, निरन्तर मेहनत र दर्शकको अपार मायाले उनी फाइनलमा प्रवेश गर्न सफल भएकी छन् । उनी कोच वाङ्देन शेर्पाको टिमबाट प्रतिस्पर्धामा छिन्। सुवासना निकै सानो उमेरदेखि संगीतप्रति गहिरो रुचि राख्दै आएकी छन् । उनलाई पढाइसँगै संगीतमा लाग्न परिवारको हौसला छ । गुरूहरूले उचित मार्गदर्शन दिइरहेका छन्, अनि त्यसलाई शिरोधार्य गर्दै उनी निरन्तर अभ्यास गर्छिन् ।

सुवासनाले बिजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयका संगीत शिक्षक टेकेन्द्र नेपालीबाट संगीतको प्रारम्भिक ज्ञान तथा प्रशिक्षण प्राप्त गरेकी हुन्। उनले एक वर्षयता रागुप संगीत पाठशालामा प्रमोद प्रसाईं र लावनी चक्रवर्तीसँग क्लासिकल भोकलसहित विभिन्न विधाको संगीत प्रशिक्षण लिइरहेकी छन् ।

सुवासना विशेषगरी आफ्ना हजुरबुबा र बुबालाई प्रेरणाको स्रोतका रूपमा लिन्छिन् । उनका बुबा सुवास केसी गायक तथा संगीतकर्मी हुन्। सुवासनाको विशेषता उनको विविध सांगीतिक विधामा प्रस्तुत हुन सक्ने क्षमता पनि हो । उनी क्लासिकल, पप, लोक, गजल, रक तथा आधुनिक लगायतका विभिन्न विधाका गीतलाई आफ्नो स्वर र शैलीअनुसार प्रस्तुत गर्न सक्ने क्षमता राख्छिन् । कलिलो उमेरमै विभिन्न शैलीका गीतमा आफूलाई सहज रूपमा प्रस्तुत गर्न सक्नु उनको सांगीतिक सम्भावनाको बलियो पक्षका रूपमा देखिएको छ ।

'भ्वाइस अफ किड्स'मा उनले विभिन्न विधाका गीतमा प्रस्तुति दिइन् । अब फिनालेमा अब्बल प्रस्तुति दिएर उपाधि चुम्ने लक्ष्य सुवासनाको छ ।













# आब प्रश्न अतिक्रमणकारी सँ नैइ, राज्यसँ अछि:

-मुरली मनोहर मिश्र

५२ कुट्टी, ७२ कुण्ड, गुठी जग्गा आ सार्वजनिक सम्पत्तिक संरक्षणमे कानूनक कमी नैइ अछी, कार्यान्वयनक इच्छाशक्तिक कमी अछि। गृहमन्त्री सुधन गुरुङक कथन जे "सिंहदरबार भितर बैसिक मात्र देशक समस्या समाधान नैइ भऽ सकैत अछि, वास्तविक अवस्था बुझबाक लेल फिल्डमे जेबाक पड़त" आजुक शासन व्यवस्थाक लेल एकटा महत्वपूर्ण चुनौती प्रस्तुत करैत अछि। किएक तँ जनकपुरधामक समस्या सिंहदरबारक फाइलमे नैइ, जमीन पर अछि, जेनाकी:

क) कोनो पोखरिक डिलमे अछि,
ख) कोनो कुट्टीक अतिक्रमित परिसरमे अछि,
ग) कोनो गुठी जग्गाक अभिलेखमे अछि,
घ) कोनो सार्वजनिक बाटक साँघुराइमे अछि,
ङ) आ कोनो धार्मिक सम्पत्तिक निजीकरणक प्रयासमे अछि।

तँ गृहमन्त्रीक "फिल्डमे जेबाक" सिद्धान्तक सबसँ महत्वपूर्ण प्रयोग जनकपुरधाम जकाँ ऐतिहासिक, धार्मिक आ सांस्कृतिक शहरमे कएल जा सकैत अछि।

१. समस्या कानूनक नैइ, कानून लागू करबाक अछि :

नेपालमे सार्वजनिक सम्पत्ति संरक्षणक लेल कानूनी आधार कमजोर नैइ अछि। मुलुकी अपराध संहिता, २०७४ द्वारा सार्वजनिक सम्पदाकेँ निजी बनाबय, सार्वजनिक भोगचलनमे बाधा पुऱ्याबय, कब्जा, आवाद वा अतिक्रमण करय तथा सार्वजनिक सम्पत्तिक क्षति करयकेँ कसूरक रूपमे व्यवस्था कएने अछि। संहितामे परापूर्वदेखि सार्वजनिक वा सामुदायिक भोगचलनमे रहल घर-जग्गासम्बन्धी कब्जाकेँ सेहो कानुनी संरक्षण देल गेल अछि।

अर्थात् जनकपुरधामक सार्वजनिक सम्पत्तिमे अनधिकृत कब्जा केवल "सामाजिक समस्या" नैइ, कानूनी प्रश्न सेहो अछि। एहि सन्दर्भमे प्रशासनकेँ "अतिक्रमण हटाबय कठिन अछि" कहि पन्छिनाइ पर्याप्त नैइ अछि। प्रश्न यी अछि जे –
क) कानून होइतहुँ अतिक्रमण किएक जारी अछि ?

गुठी सम्पत्ति : निजी सम्पत्ति बनबाक वस्तु नैइ, जनकपुरधामक धार्मिक-सांस्कृतिक संरचनाक आर्थिक मेरुदण्डमे गुठी सम्पत्तिक महत्वपूर्ण स्थान अछि। गुठी संस्थान ऐन, २०३३ गुठी सम्पत्तिक संरक्षण, व्यवस्थापन आ गुठीको उद्देश्य कायम राखबाक कानुनी संरचना प्रदान करैत अछि।

सर्वोच्च अदालत द्वारा सेहो गुठी सम्पत्तिक महत्वकेँ अत्यन्त स्पष्ट रूपमे व्याख्या कएने अछि। अदालतक निष्कर्ष अनुसार गुठी सम्पदामे धार्मिक, सांस्कृतिक आ सामाजिक आधार निहित रहैत अछि तथा गुठीको मूल उद्देश्य नष्ट होएबाक अवस्था सिर्जना करनिहार व्यवस्था सम्पदा संरक्षणक दृष्टिसँ गम्भीर प्रश्न उठबैत अछि।

एहि न्यायिक दृष्टिकोणसँ एकटा महत्वपूर्ण सिद्धान्त स्थापित होइत अछि जे –

गुठी केवल जग्गाक स्वामित्वक विषय नैइ, यी उद्देश्य, परम्परा आ सम्पदाक निरन्तरताक विषय अछि। तँ गुठी जग्गाकेँ केवल कित्ता नम्बर, क्षेत्रफल आ बजार मूल्यक आधार पर बुझब ऐतिहासिक भूल होयत।

२. जनकपुरधामक ५२ कुट्टी-७२ कुण्ड : अभिलेखमे नैइ, धरातलमे खोजबाक समय:

जनकपुरधामक ५२ कुट्टी आ ७२ कुण्डक चर्चा दशकौँसँ होइत आएल अछि। मुदा आब प्रश्न केवल यी नैइ होबाक चाही जे "५२ कुट्टी आ ७२ कुण्ड कतेक महत्वपूर्ण अछि ?" प्रश्न होबाक चाही जे –
क) आइ कतेक सुरक्षित अछि ?
ख) कतेक अतिक्रमित अछि ?
ग) कतेक के सीमाना स्पष्ट अछि ?
घ) कतेक के अभिलेख अद्यावधिक अछि ?
ङ) कतेक धार्मिक वा सार्वजनिक प्रयोजनसँ बाहिर निजी प्रयोगमे अछि ?

जनकपुरधाम सम्बन्धी प्रकाशित विवरणसभमे गुठी जग्गाक अतिक्रमण आ अभिलेखक समस्याक उल्लेख भऽ चुकल अछि। एक प्रकाशित रिपोर्टमे गुठी संस्थानक स्थानीय शाखाक हवाला दैत अतिक्रमित गुठी जग्गाक क्षेत्रफलसम्बन्धी तथ्यसमेत उल्लेख कएल गेल छल।

दोसर प्रकाशित रिपोर्टमे हनुमाननगरस्थित गुठी सम्पत्तिक पैघ भूभाग अतिक्रमणमे पड़ल आ ओत पक्की घर तथा फुस बनल उल्लेख अछि। यी तथ्यसभ पुरान भए सकैत अछि; तँ आजुक वास्तविक अवस्था निर्धारणक लेल नयाँ नापी, अभिलेख प्रमाणीकरण आ स्थलगत सर्वेक्षण अनिवार्य अछि।

यहीँ ठाम गृहमन्त्रीक "फिल्डमे जेबाक" सिद्धान्तक वास्तविक उपयोग होइत अछि।

३. अतिक्रमणक प्रक्रिया बुझू : कब्जा अचानक नैइ होइत अछि :

कोनो सार्वजनिक सम्पत्ति एक रातिमे निजी नैइ बनैत अछि।
क) पहिने सीमा अस्पष्ट होइत अछि,
ख) फेर अस्थायी कब्जा होइत अछि,
ग) तकर बाद संरचना ठाढ़ होइत अछि,
घ) प्रशासन मौन रहैत अछि,
ङ) बिजली, पानी वा अन्य सुविधा जुड़ैत अछि,
च) फेर वर्षौं स भोगचलनक दावा आबैत अछि,
छ) अन्ततः स्वामित्वक दाबी शुरू होइत अछि।

एहि प्रक्रियामे सबसे महत्वपूर्ण भूमिका राज्यक प्रारम्भिक हस्तक्षेपक होइत अछि। पहिल चरणमे रोकल गेल अतिक्रमणकेँ वर्षौं बाद हटेनाइ अत्यन्त कठिन होइत अछि। तँ आधुनिक प्रशासनक सिद्धान्त होबाक चाही–
"Encroachment Prevention, not Encroachment Management."
अर्थात् अतिक्रमण भऽ गेलाक बाद बुलडोजर चलाबय सँ पहिने अतिक्रमण शुरू होएबाक पहिल दिनसँ राज्य उपस्थित रहए।

४. सार्वजनिक सम्पत्ति बेचबाक अधिकार ककरा अछि ?

यी प्रश्न जनकपुरधाममे सार्वजनिक बहसक केन्द्रमे आबबाक चाही। यदि कोनो सार्वजनिक, धार्मिक वा गुठी सम्पत्तिक बिक्री, हस्तान्तरण, निजीकरण वा अनधिकृत उपयोगक प्रयास होइत अछि तँ अनुसन्धान केवल कब्जाकर्ता धरि सीमित नैइ रहबाक चाही। जाँच होय–
क) अभिलेखमे नाम परिवर्तन के कएलक ?
ख) नापी अभिलेखमे संशोधन के कएलक ?
ग) मालपोत प्रक्रिया के आगु बढ़ौलक ?
घ) लिखत वा प्रमाण के आधार की छल ?
ङ) सम्बन्धित निकायकेँ आपत्ति छल कि नैइ ?
च) आपत्ति छल तँ प्रक्रिया किएक नैइ रोकल गेल ?
छ) राजनीतिक वा प्रशासनिक संरक्षणक कोनो भूमिका छल कि नैइ ?

किएक तँ सार्वजनिक सम्पत्तिक निजीकरणमे केवल "कब्जा करनिहार" नैइ, कहियो-कहियो "कब्जा सम्भव बनौनिहार प्रणाली" सेहो अनुसन्धानक विषय होइत अछि।

५. प्राचीन सम्पदा संरक्षणक कानुन सेहो स्पष्ट अछि :

प्राचीन स्मारक संरक्षण ऐन, २०१३ द्वारा इतिहास, कला, वास्तुकला वा स्थापत्य दृष्टिसँ महत्व राखनिहार प्राचीन मन्दिर, मठ, देवालय लगायत संरचनाकेँ संरक्षणक दायरामे राखैत अछि। ऐन द्वारा प्राचीन स्मारकक संरक्षण, मर्मत आ जीर्णोद्धार लेल पुरातत्व विभाग तथा सम्बन्धित निकायसभक भूमिका निर्धारित कएने अछि।

स्वीकृति विपरीत संरक्षित सम्पदामे कार्य करबाक लेल दण्डात्मक व्यवस्था सेहो अछि। अर्थात् कानुनक दृष्टिसँ राज्यक हाथ बाँधल नैइ अछि। फेर प्रश्न उठैत अछि जे –

यदि कानुनमे अधिकार अछि तँ जनकपुरधामक सम्पदा संरक्षणमे परिणाम किएक कमजोर अछि ?
उत्तर खोजबाक बेला आबि गेल अछि।

६. गृहमन्त्रीक लेल जनकपुरधाम : एउटा 'फिल्ड टेस्ट'

गृहमन्त्री द्वारा वास्तवमे फिल्ड प्रशासन के अवधारणा कार्यान्वयन करबाक चाहना रखैत छथि त जनकपुरधाममे एउटा नमूना अभियान चलाओल जा सकैत अछि।
क) पहिल चरण : सम्पदाक डिजिटल नक्साङ्कन,
५२ कुट्टी, ७२ कुण्ड, पोखरि, मठ, मन्दिर, गुठी जग्गा आ सार्वजनिक मार्गक न्क्ष्क/न्एक आधारित डिजिटल नक्सा बनए।
ख) दोसर चरण : अभिलेख मिलान, नापी, मालपोत, गुठी संस्थान, पुरातत्त्व विभाग आ स्थानीय तहक अभिलेख एक-अर्कासँ मिलाओल जाए।
ग) तेसर चरण : अतिक्रमणक वर्गीकरण,
अतिक्रमणकेँ तीन भागमे बाँटल जाए–






A. तत्काल हटेबाक योग्य,
B. कानुनी जाँच आवश्यक,
C. स्वामित्व/अभिलेख पुनः प्रमाणीकरण आवश्यक।
घ) चारिम चरण : सार्वजनिक सूचना, प्रत्येक सम्पत्तिक वास्तविक क्षेत्रफल, स्वामित्व, प्रयोजन आ सीमाना सार्वजनिक कएल जाए।
ङ) पाँचम चरण : जवाफदेही, अतिक्रमण रोकबाक दायित्व रहितो वर्षौं तक मौन रहल अधिकारीक भूमिकाक समेत समीक्षा होय।

७. जनकपुरधाममे 'सम्पदा प्रहरी' अवधारणा:

प्रहरी सुधारक चर्चा चलि रहल समय जनकपुरधाममे एउटा नयाँ प्रयोग कएल जा सकैत अछि– ज्भचष्तबनभ एचयतभअतष्यल ७ Public Property Protection Cell= एहि संयन्त्रमऽ–
* जिल्ला प्रशासन,
* नेपाल प्रहरी,
* स्थानीय तह,
* गुठी संस्थान,
* पुरातत्त्व विभाग,
* नापी,
* मालपोत,
* पर्यटन निकाय,
* तथा नागरिक समाज बीच स्थायी समन्वय कायम हो।

एकर काम केवल अतिक्रमण हटेनाइ नैइ, अतिक्रमणक पूर्वसूचना, अभिलेख संरक्षण, कानुनी निगरानी आ सार्वजनिक उजुरीक तत्काल सुनुवाइ हो।

*. धार्मिक तनाव आ सम्पदा संरक्षण : सम्बन्ध बुझबाक आवश्यकता,

गृहमन्त्री द्वारा धार्मिक तनाव आ दंगा नियन्त्रणक चर्चा कएने छथि। मुदा धार्मिक तनाव केवल नाराबाजी, जुलुस अथवा भिडन्तसँ उत्पन्न नैइ होइत अछि। कहियो-कहियो अन्यायपूर्ण व्यवहारक दीर्घकालीन अनुभव सेहो सामाजिक तनावक आधार बनैत अछि।

यदि कोनो समुदायकेँ अपन धार्मिक सम्पत्ति अतिक्रमित भऽ रहल देखाइत अछि आ प्रशासन वर्षौंसम्म निष्क्रिय रहैत अछि तँ असन्तोष उत्पन्न होएत। यदि सार्वजनिक सम्पत्ति समान रूपसँ संरक्षित होइत अछि तँ विश्वास बढ़ैत अछि। तँ–
सम्पदा संरक्षण = सामाजिक सद्भाव संरक्षण के यी बात गृह प्रशासन द्वारा बुझबाक आवश्यकता अछि।

९. नागरिक समाज : भावनासँ तथ्यतर्फ:

जनकपुरधामक नागरिक समाजक भूमिका सेहो केवल विरोध प्रदर्शन धरि सीमित नैइ होबाक चाही। प्रत्येक सम्पदाक पुरान फोटो, नक्सा, लालपुर्जा/अभिलेख, क्षेत्रफल, वर्तमान अवस्था, अतिक्रमणक प्रकृति आ सम्बन्धित निकायकेँ देल गेल निवेदन–
व्यवस्थित रूपसँ संकलित कएल जाए।
तखन नागरिक समाजक आवाज भावनात्मक आरोप नैइ रहत।
तथ्य, दस्तावेज आ प्रमाणसहितक सार्वजनिक निगरानी बनत।
आब 'कब्जा हटाउ' सँ आगाँ बढ़बाक समय अछि, अतिक्रमण हटेनाइ आवश्यक अछि। मुदा केवल डोजर चलौनाइ समाधान नैइ अछि।

आइ कब्जा हटौलहुँ, पाँच वर्ष बाद फेर कब्जा भेल तँ अभियान असफल। तँ तीनटा पक्ष एकसाथ चाही, जेनाकि–
**पहिने–अभिलेख।
दोसर–सीमाङ्कन।
तेसर–निरन्तर निगरानी।**
अभिलेख अस्पष्ट रहत तँ फेर विवाद होएत। सीमाना स्पष्ट नैइ रहत तँ फेर कब्जा होएत। निगरानी नैइ रहत तँ फेर अतिक्रमण होएत।

१०. अन्तिम प्रश्न : राज्यक अनुपस्थिति कि मौन स्वीकृति ?

जनकपुरधामक धार्मिक, सांस्कृतिक आ ऐतिहासिक सम्पत्तिक अतिक्रमणकेँ केवल भूमाफियाक समस्या कहि भागब सहज अछि। मुदा यी आधा सत्य मात्र अछि। भूमाफिया तखन सफल होइत अछि जखन–
क) अभिलेख कमजोर होय,
ख) सीमा अस्पष्ट होय,
ग) निकायबीच समन्वय नैइ होय,
घ) राजनीतिक संरक्षण भेटए,
ङ) प्रशासन मौन रहए,
च) आ नागरिक थाकि जाए।
तँ अतिक्रमणक विरुद्धक वास्तविक लड़ाइ कब्जाधारी एवं सरकार मात्र नैइ अछि। यी लड़ाइ अछि–
व्यवस्थित राज्य कि अव्यवस्थित शासनक।

गृहमन्त्रीक "सिंहदरबारसँ बाहर निकलबाक" कथन यदि व्यवहारमे उतारबाक अछि तँ जनकपुरधाम एकटा उपयुक्त परीक्षणस्थल अछि।
क) सरकार जनकपुरधाम आबए,
ख) फाइल नैइ–जमीन देखए,
ग) प्रतिवेदन नैइ–अभिलेख मिलाबए,
घ) भाषण नैइ–सीमाङ्कन करए,
ङ) आश्वासन नैइ–कानून लागू करए,
च) अतिक्रमणकारीकेँ मात्र नैइ–संरक्षण करनिहार प्रणालीकेँ सेहो जाँचए।

किएक तँ जनकपुरधामक सम्पदा बचेनाइ केवल एकटा शहरक सौन्दर्य बचेनाइ नैइ अछि:
* यी मिथिलाक सभ्यता बचेनाइ अछि,
* यी नेपालक सांस्कृतिक स्मृति बचेनाइ अछि,
* यी आगामी पुस्ताक अधिकार बचेनाइ अछि।

आ अन्तमे राज्यसँ एकटा स्पष्ट प्रश्न जे–

"जखन जनकपुरधामक सार्वजनिक सम्पदा अतिक्रमण आ निजीकरणक चपेटमे पड़ैत छल, तखन राज्य कतय छल ?" आ आब दोसर प्रश्न सेहो–
"आब राज्य जनकपुरधामक धरती पर कहिया उपस्थित होयत ?"

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday